# राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको अध्यादेश

**प्रस्तावना:** आर्थिक वर्ष २०७८/०७९ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउने सम्बन्धमा तत्काल कानूनी ब्यवस्था गर्न आवश्यक भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

1. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८" रहेको छ।

   (२) यो अध्यादेश संवत् 207८ साल साउन 1 गतेदेखि प्रारम्भ हुनेछ।

२. **राष्ट्र ऋण उठाउने अधिकारः** (१) आर्थिक वर्ष २०७८/०७९ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०७८/०७९ को अन्त्यमा अधिविकर्ष बापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा थप रू.२,५०,00,00,00,0००।- (अक्षरेपी दुई खर्ब पचास अर्ब) मा नबढ्ने गरी राष्ट्र ऋण उठाउन सक्नेछ।

   तर त्यसरी उठाइने राष्ट्र ऋण रकममा नेपाल सरकारले प्रचलित कानून बमोजिम लिन पाउने अधिविकर्ष रकम समावेश हुने छैन।

   (२) नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कलाई आर्थिक वर्ष २०७८/०७९ सम्मको तिर्न बाँकी अधिविकर्षलाई ट्रेजरी बिलमा परिणत गर्न सो बैङ्कलाई स्वीकृति दिन सक्नेछ।

   (३) यस दफा बमोजिम उठाइएको राष्ट्र ऋणको साँवा ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्र ऋण ऐन, २०५९ बमोजिम हुनेछ।